# स्थानीय राजपत्र


रावा बेसी गाउँपालिकाद्धारा प्रकाशित

| खण्ड ३ | संख्या २ | मितिः २०७६/१०/२० |
|---|---|---|


**भाग २**

**रावा बेसी गाउँपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रावा बेसी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरीएको छ ।

सम्बत् २०७६ सालको निर्देशिका, कार्यविधि संख्या- २

# एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका – २०७६

# १। प्रस्तावना

एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्सलाई जनताको पहुँचसम्म पुऱ्याई सेवाको गुणस्तर बृद्धि गर्नुपर्ने भएकोले।

# २। संक्षिप्त नाम र प्रारम्भ

- यस निर्देशिकाको नाम एम्बुलेन्स सञ्चालन निर्देशिका २०७६ रहनेछ।
- यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

# ३। परिभाषा  विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा ः

- एम्बुलेन्स भन्नाले विरामी ओसार पसार ल्याउने/पुऱ्याउने वाहनलाई सम्झनु पर्दछ।
- एम्बुलेन्स जनशक्ति भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी तथा चालकलाई सम्झनुपर्दछ।
- चालक भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्दछ।
- संस्था भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनुपर्दछ।
- समिति भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्न गठन भएको समितिलाई सम्झनुपर्दछ।
- शुल्क भन्नालेसमितिलेतोकेकोअनुमति, नवीकरण तथा सेवा शुल्कलाई सम्झनु पर्दछ।
- सेवा भन्नालेएम्बुलेन्सलेविरामीलाई दिनेसम्पूर्ण सेवा सम्झनुपर्दछ।

# ४। संस्थाको कर्तब्य

- प्रचलित कानूनमा उल्लेख भए बमोजिम शर्तहरुको पालना गरी समितिको समन्वयमा एम्बुलेन्स सेवा सञ्चालन गर्नुपर्ने।
- समितिले तोके अनुसारको भाडा लिई सो को विल सेवाग्राहीलाई उपलब्ध गराउने
- विरामीलाई विरामी रहेको ठाउँ वा घटनास्थलबाट अस्पताल वा उपचार स्थलसम्म वा चिकित्सक वा स्वास्थ्य संस्थाले सिफारिस गरे बमोजिम विरामीको बासस्थान सम्म पुऱ्याउनको लागि मात्र एम्बुलेन्सको प्रयोग गर्नुपर्दछ।
- असहाय, गरीब, ववारिसे तथा सडक दुर्घटनामा परेका व्यक्तिलाई एम्बुलेन्स सेवा निशुल्क प्रदान गर्नुपर्नेछ।
- कुनैपनि वहानामा एम्बुलेन्स सेवाबाट कसैलाई पनि बञ्चित गर्न पाईनेछैन।

- एम्बुलेन्सलाई २४ सै घण्टा सेवा प्रदान गर्ने हालतमा राख्नुपर्नेछ ।
- एम्बुलेन्स सेवा प्रदान गरे वापत प्राप्त आम्दानीको छुट्टै अभिलेख राख्नुपर्नेछ । र प्रत्येक वर्ष लेखापरिक्षण राउनुपर्नेछ । सोको जानकारी गाउँपालिकामा गराउनुपर्नेछ ।
- एम्बुलेन्स सञ्चालनबाट प्राप्त आम्दानी र त्यसका लागि भएको खर्च प्रत्येक ३/३ महिनामा एम्बुलेन्स सेवा सञ्चालन समितिलाई जानकारी गराउनुपर्नेछ ।
- गाउँपालिकाबाट प्राप्त निर्देशनलाई समितिले अक्षरस पालना गर्नुपर्नेछ ।

# ५। एम्बुलेन्सको मापदण्ड तथा वर्गीकरण

- राष्ट्रिय प्रदुषण मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।
- एम्बुलेन्सको पहिचान हुनेगरी साईरन बत्ती जडान, फोर ह्वील ड्राईभ भएको हुनुपर्नेछ ।
- एम्बुलेन्समा एम्बुलेन्स शब्द र संस्था र चालकको टेलिफोन नं. अंग्रेजी र नेपाली दुबै भाषामा लेखिएको हुनु पर्नेछ।
- एम्बुलेन्सको वर्गिकरण खुल्ने गरी बर्ग उल्लेख भएको हुनुपर्नेछ ।
- एम्बुलेन्सको १००० सि.सि. भन्दा बढी भएको हुनु पर्नेछ ।
- एम्बुलेन्सको चालकको सिट पछाडी बिरामी र १ जना सहायक बाहेक कुनैपनि सिट नराखेको हुनुपर्नेछ ।
- तोकिएको भाडा दर प्रमाणित गराई एम्बुलेन्स भित्र कुनै भागमा टाँस गर्नुपर्नेछ ।

# ६। एम्बुलेन्स सेवा सञ्चालन समिति

एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्न देहायको पदाधिकारी रहेको एम्बुलेन्स सेवा सञ्चालन समिति रहनेछ

| | | | |
|---|---|---|---|
| १। | गाउँपालिका अध्यक्ष | १ जना | संयोजक |
| २। | गाउँपालिकाको वडा अध्यक्षहरु | ६ जना | सदस्य |
| ३। | सहयोगदाताहरु मध्येवाट | ३ जना | सदस्य |
| ४। | दलित, अल्पसंख्यक सदस्य आदिवासी/जनजाती वाट अध्यक्षबाट मनोनित | १ जना | सदस्य |
| ५। | गाउँपालिका आर्थिक प्रशासन शाखा प्रमुख | १ जना | सदस्य |
| ६। | स्वास्थ्य शाखा/इकाई प्रमुख | १ जना | सदस्य सचिव |

# ७। एम्बुलेन्स सेवा शुल्क

एम्बुलेन्स सेवा सञ्चालन गर्नकोलागि समितिलेतोकेको भाडा दरलाई एम्बुलेन्स सेवा शुल्क बझ्नुपर्दछ । उक्त दुरी बर्गिकरण गरी देहाय बमोजिमको भाडा दर निर्धारण गरिएको छ ।

क० रावा बेसी गाउपालिका बासीहरुका लागी प्रति किलोमिटर

| | |
|---|---|
| कालोपत्रे सडक प्रयोगमा | रु ५०/- |
| कच्ची सडकमा प्रयोगमा | रु ८०/- |

ख० उपनियम क बाहेककाहरुका अन्य क्षेत्रका वासीहरुलाई उपदफा (क) को भाडा दरमा प्रति किलोमिटर मा ४५% थप शुल्क लाग्ने छ ।

ग० रावा बेसी ६ हौचुर निवासीहरुका लागी प्रति किलोमिटर

| | |
|---|---|
| कालोपत्रे सडक प्रयोगमा | रु ३०/- |
| कच्ची सडकमा प्रयोगमा | रु ६०/- |

घ० उक्त स्थान हाईवे वाहेकका शाखा बाटो मार्फत टोल बस्तीमा जाँदा बाटोको दुरी हेरी समितिले भाडाँ निर्धारण गर्नेछ ।

## ८। एम्बुलेन्स चालक नियुक्ती सम्बन्धमा

☐ रितपूर्वक सवारी चालक अनुमति–पत्र लिएको ।

☐ सवारी चालकको रुपमा न्यूनतम २ (दुई) वर्षको अनुभव भएको ।

☐ कम्तिमा २१ वर्ष उमेर पूरा गरेको ।

☐ आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिम प्राथमिक उपचारको तालिम प्राप्त गरेको ।

## ९। एम्बुलेन्स चालकको मासिक तलब भत्ता निर्धारण सम्बन्धमा

एम्बुलेन्स चालकको मासिक तलब भत्ता समितिले तोके बमोजिम हुनेछ ।

# एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

- एम्बुलेन्स सञ्चालन निर्देशिका २०७६ लाई पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।
- आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयतालाई कायम गर्दै आफ्नो पेशा को मान मर्यादा खलल पुग्ने कुनै काम गर्न पाइर्न छैन ।
- मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने ।
- विरामी ओसार पसार गर्ने क्रममा विरामीको बारेमा पर्याप्त जानकारी लिई उपचार सहयोग गर्नुपर्नेछ ।
- विरामीलाई विच बाटोमा छोड्न नहुने ।
- दैनिक सेवा शुल्क वापत उठेको रकम समितिले तोकेको बैंक खातामा बढिमा १ हप्ता भित्र जम्मा गरी सोको बैंक भौचर समितिलाई पेश गर्नुपर्नेछ ।
- आफ्नो कामको सिलसिलामा भएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीबाट पाएको जानकारी कुनै तेश्रो पक्षलाई बताउन नहुने । तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको वारेमा जानकारी दिनुपर्नेछ ।
- प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।
- सेवाग्राहीबाट प्राप्त तोकिए बमोजिमको एम्बुलेन्स सेवा शुल्क वापतको रकम बुझिलिदा अनिवार्य रुपमा नगदी रसिद प्रदान गर्नुपर्नेछ । रसिद समाप्त भएपछि अर्धकट्टी अनुसारको सबै प्राप्त सेवा शुल्कको कूल जोड जम्मा गरेको नगद वा बैंक भौचरको हिसाब बुझाए पछि मात्रै अर्को ठेली नगदी रसिद दिईनेछ ।

नाम

ठेगाना                                        ना.प्र.नं.                                जिल्ला

लाईसेन्स नं. ........................................... लाईसेन्स जारी मिति.................................

ले उल्लेखीत आचार संहिता अध्ययन तथा पालना गरेको छु । खोटाङ जिल्ला रावा बेसी गाउँपालिकाको मातहतमा रहि एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्नेछु, भनि सहमति जनाई सहिछाप गरेको छु ।

चालकको रोहबरमा प्रमाणित गर्ने व्यक्ति

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नामथर | नामथर |
| ठेगाना | ठेगाना |
| | पद |
| | मिति |
| | कार्यालयको छाप |

k|dfl0fs/0f ldltM @)&^÷!)÷@)

cf1fn],
/]v axfb'/ yfkf
k|d'v k|zf;sLo clws[t